आज मिति २०७६ भाद्र ९ गते सोमबार बिहानको ७:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७८ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री कर्ण बहादुर श्रेष्ठ | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. अधिकृत दशौं श्री रमेश सिंह थापा
२. लेखा अधिकृत श्री गणेश गुरुङ
३. अधिकृत सातौं श्री नुमानन्द दमासे

मिति २०७६।०६।०८ गते नगर प्रमुखज्यूबाट मिति २०७६।०६।०९ गते नगर कार्यपालिकाको ७८ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाबाट निर्णयका लागि पेश भएका विषयहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>कानून मा भएको व्यहोरा</th><th>निर्णय हुनुपर्ने व्यहोरा</th></tr>
<tr><td>१.</td><td>आ.व. ०७६।०७७ को दररेट सम्बन्धमा</td><td></td><td>यस नगरपालिकाको दररेट निर्धारण सिफारिस समितिद्वारा स्वीकृत जिल्ला दररेटलाई संशोधन सहित तयार गरिएको दक्षिणकाली नगरपालिकाले ज्यालादर तथा निर्माण सामाग्रीहरुको नगर दररेट स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>२.</td><td>दक्षिणकाली न.पा.को आलेप सम्बन्धमा</td><td></td><td>दक्षिणकाली नगरपालिकाको आ.व.०७/०७६ को विनियोजन, राजश्व र धरौटीतर्फको श्रेस्ताको आ.ले.प. गर्नको लागि को.ले.नि.का.लाई अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३.</td><td>विविध</td><td></td><td>– दक्षिणकाली नगरपालिकाको प्रोत्साहन भत्ता कार्यविधि, २०७६संशोधन सहित पारित गर्ने निर्णय गरियो ।<br>– आदरणीय नगर उपप्रमुख श्री बसन्ती तामाङ्ग डंगोल र नगर सदस्य श्री मोहन खडकाकाले चिन भ्रमण गरी फर्केकोमा बधाई ज्ञापन सहित उहाँहरुलबाट चीन भ्रमणको प्रस्तुतिकरणलाई पारित गर्ने निर्णय गरियो ।<br>– आ.व. ०७६।०७७ को लागि विषयगत शाखाको लागि विनियोजन गरिएको बजेट सम्बन्धित शाखाको समन्वयमा नगर प्रमुख ज्यूबाट बाँडफाँड गर्ने निर्णय गरियो ।<br>– आ.व. २०७६।०७७ को लागि विज्ञापन कर (होर्डिङ्ग बोर्ड) टेण्डर गर्दा न्यूनतम अंक मूल्य रु. ५ लाख कायम गर्ने निर्णय गरियो ।<br>– मिति २०७६।०४।१९ मा श्री राधाकृष्ण महिला बहुउद्धेश्यी सहकारी संस्था लि.को दर्तालाई अनुमोदन गर्ने निर्णय गरियो ।<br>– श्री जीवन्त वचत तथा ऋण सहकारी संस्थाको नियमानुसार दर्ता गर्ने निर्णय गरियो।<br>– विषयगत समितिहरुको म्याद आ.व. २०७५।०७६ मा २ बर्षे म्याद समाप्त भएकोले सोही समितिहरुलाई अर्को व्यवस्था नभएसम्मको लागी निरन्तरता दिने निर्णय गरियो ।<br>– "नेपाल भ्रमण वर्ष-२०२०" का लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ३ ले पत्राचार गरे बमोजिम "नगरपालिका स्तरीय सहजीकरण तथा आयोजक समिति" गठन गर्ने निर्णय गरियो ।<br>तपसिल<table><tr><th>क्र.सं.</th><th>पद</th><th>समिति गठनको प्रावधान</th></tr><tr><td>१</td><td>अध्यक्ष</td><td>नगरपालिका प्रमुख ।</td></tr></table></td></tr>
</table>

| | | |
|---|---|---|
| २ | सदस्य | नगरपालिका उपप्रमुख । |
| ३ | सदस्य | वडा अध्यक्षहरु । |
| ४ | सदस्य | नगरपालिका अन्तर्गतका पर्यटन गतिविधिमा क्रियाशिल व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरु मध्येबाट समावेशिताको सिद्धान्त अनुसार स्थानीय तहले तोकेको आवश्यक संख्या । |
| ५ | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत । |

- मिति २०७६/५/२ को सामाजिक विकास मन्त्रालय, प्रदेश नं. पत्रानुसार "एक विद्यालय एक नर्स कार्यक्रम" संचालन गर्नको लागि निर्दिष्ट Criteria बमोजिम शिक्षा शाखाले छनौट गरी संचालन गर्ने निर्णय गरियो ।
- नगरपालिकाको नगरप्रमुखको अध्यक्षतामा उपप्रमुख/नगरकार्यपालिका सदस्यहरु, स्थानीय तहका सावजनिक संघ, संस्था, निकायको प्रतिनिधिहरु, नागरिक समाज, नीजि क्षेत्र, गैसस, सहकारी संस्थाका प्रतिनिधिहरु लगायतको सहभागीतामा स्थानीय तह स्तरीय समारोह समिति गठन गर्ने र समितिमा राजनीतिक दल, समाजका सबै वर्ग, व्यवसाय, क्षेत्रका महानुभावहरुलाई प्रतिनिधित्व गरी मुल समारोह समिति गठन गर्ने निर्णय गरियो ।
- दक्षिणकाली नगरपालिकाको फोहोरमैला व्यवस्थापन गरी निजी क्षेत्रलाई कोटेशनको माध्यमबाट कार्य गर्न दिनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
- यस दक्षिणकाली नगरपालिकामा संचालन हुने समपुरक योजना र अन्य विशेष योजनाहरु एकिन गरी प्रदेशमा माग गरि पठाउने निर्णय गरियो ।
- इन्धन सुविधा सम्बन्धि कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।